# बागमती प्रदेश सरकार
# वन तथा वातावरण मन्त्रालय
# वन निर्देशनालय
# डिभिजन वन कार्यालय भक्तपुर

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धि नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको डिभिजन वन कार्यालय भक्तपुरसंग सम्बन्धित

सूचनाहरुको स्वत :प्रकाशन

सुचना सार्वजनिक गरिएको अवधि

२०८२/०४/०१ देखि २०८३/०३ /३१

सूचना सार्वजनिक गर्ने निकायको नाम

डिभिजन वन कार्यालय, भक्तपुर

## १. निकायको स्वरूप र प्रकृती

भक्तपुर डिभिजन वन कार्यालय, बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय मातहतको वन निर्देशनालय अन्तर्गत सञ्चालित एक महत्वपूर्ण प्रशासनिक इकाई हो। यस कार्यालयको स्थापना वन विभागको संगठनात्मक संरचना अन्तर्गत वि.सं. २०४२ मा भएको हो। वि.सं. २०३३ मा राष्ट्रिय वन नीति लागू भएपछि देशभर डिभिजन वन कार्यालयहरू स्थापना गर्ने नीति अनुसार भक्तपुरमा पनि यसको आधार तयार भएको थियो। वि.सं. २०४० मा विकेन्द्रीकरण नीति अनुसार जिल्ला-स्तरीय वन कार्यालयहरूको पुनर्गठन भई वि.सं. २०४२ मा भक्तपुर डिभिजन वन कार्यालय औपचारिक रूपमा स्थापित भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०३/३२ को निर्णयबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनले यो कार्यालयलाई भक्तपुर जिल्लाको वन, सिमसार, र जलाधार क्षेत्रको दिगो व्यवस्थापनको जिम्मेवारी प्रदान गरेको छ। यसको कार्यालयको भवन मध्यपुर थिमि नगरपालिका, वडा नं. २, सानोठिमी मा अवस्थित छ, जुन जिल्लाको केन्द्रीय भागमा रहेकाले प्रशासनिक कार्य, स्थानीय समन्वय, र वन क्षेत्रको अनुगमनमा सहजता प्रदान गर्दछ।

मुख्य विशेषताहरू:

- डिभिजन वन कार्यालयले भक्तपुर जिल्लामा वन तथा जैविक विविधता संरक्षण, दिगो व्यवस्थापन र प्रवर्द्धनमा मुख्य भूमिका खेल्दछ।
- उपभोक्ता समूहहरु, स्थानीय सरोकारवाला, स्थानीय तहसंग समन्वय र सहकार्यमा कार्यक्रम संचालन गर्दै आएको छ।
- राष्ट्रिय वन नीति तथा कानुनहरूलाई स्थानीय स्तरमा कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी यस डिभिजनको रहेको छ।
- डिभिजनले वनसँग सम्बन्धित वातावरणीय सन्तुलन कायम राख्ने, जैविक विविधताको संरक्षण गर्ने, र वन्यजन्तुको वासस्थान सुधार गर्ने कार्यहरूमा सक्रियता देखाउँछ।
- गैरकाष्ठ वन पैदावारको विकास, पर्यापर्यटन प्रवधान र वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू यस डिभिजनका मुख्य विशेषताहरू हुन्।
- कार्यालयको भौतिक पूर्वाधारको विकास र सुधारमा पनि डिभिजनले ध्यान दिएको देखिन्छ, जसले कार्यसम्पादनमा सहजता ल्याएको छ।

## कार्यालयको ठेगाना र सम्पर्क विवरण

| विवरण | जानकारी |
|---|---|
| कार्यालयको ठेगाना | मध्यपुर थिमि नगरपालिका, वडा नं. १५, सानोठिमी, भक्तपुर |
| वेबसाइट | dfobhaktapur.gov.np |
| कार्यालय फोन नम्बर | ०१६६३०८११ |
| कार्यालय इमेल | dfobkt@gmail.com |
| सूचना अधिकारीको मोबाइल/इमेल | ९७६५८३३३११ |

## जिल्लाको वन क्षेत्रको विस्तृत विवरण

भक्तपुर जिल्लाको नगरपालिकागत वनको प्रकार र क्षेत्रफलको विवरण (हेक्टरमा) निम्नानुसार रहेको छः

| नगरपालिका | सामुदायिक वन | धार्मिक वन | कबुलियती वन (व्यवसायिक) | सरकारद्वारा व्यवस्थित वन | अन्य वन क्षेत्र* | जम्मा राष्ट्रिय वन | दर्ता भएको निजी वन | शहरी/अन्य वन क्षेत्र** | जम्मा वन क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| चाँगुनारायण | १००७.२५ | ५.४४ | १.२७ | ५७.४१ | - | १०७१.४ | २.६४ | ६६८.४ | १७४२.४१ |
| मध्यपुर थिमि | २८.०४ | - | - | - | - | २८.०४ | - | ६.४ | ३४.४४ |
| सूर्यविनायक | ७६५.५५ | ३.४७ | २७.३६ | - | २४५.१७ | १०४१.५५ | ०.६४ | ३७४.२ | १४१६.३९ |
| भक्तपुर | ० | ० | ० | ० | ० | ० | ० | १.०० | १.०० |
| जम्मा | १८००.८४ | ८.९१ | २८.६३ | ५७.४१ | २४५.१७ | २१४०.९६ | ३.२८ | १०५०.०० | ३१९४.२४ |

**अन्य वन = राष्ट्रिय प्राणी उद्यानको वन क्षेत्र*

***शहरी वन क्षेत्र = निजी जग्गा, नेपाल आर्मी, भूगर्भ विभाग लगायतका क्षेत्र*

*(स्रोत : डि.व.का. भक्तपुर २०८१ र FRTC २०२२)*

**वन क्षेत्रको विश्लेषण:**

डिभिजन वन कार्यालय भक्तपुरको अभिलेख अनुसार जिल्लाको कुल राष्ट्रिय वन क्षेत्र २,१४०.९६ हेक्टर छ। जबकि भू-आवरण तालिका (Land Cover Data) अनुसार ३,१६३.० हेक्टर वन क्षेत्र र ३१.२ हेक्टर अन्य काष्ठ वन पैदावार रहेको क्षेत्र गरी जम्मा ३१९४.२४ हेक्टर देखिएको छ। यस तथ्याङ्कले अभिलेख र भू-आवरण बीच १,०५३.२८ हेक्टर को भिन्नता देखाउँछ। यो भिन्नता भएको क्षेत्रमा निजी वन, नेपाल आर्मीले ओगटेको क्षेत्र, नापी तथा भूगर्भ विभागको क्षेत्र र FAO

को परिभाषा (वन भन्नाले ०.५ हेक्टर क्षेत्रफल, ५ मिटर उचाई भएका रुख र १० प्रतिशत वा सो भन्दा बढी छत्र घनत्व भएको क्षेत्र) अन्तर्गत पर्ने वन क्षेत्रहरू समावेश रहेका छन्।

### डिभिजन वन कार्यालय, भक्तपुरको सांगठनिक स्वरूप र कर्मचारी विवरण

बागमती प्रदेश सरकारबाट स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) २०८० अनुसार यस कार्यालयको संरचना निम्न बमोजिम रहेको छ:

१. कर्मचारीको दरबन्दी विवरण

| सि.नं. | पद | श्रेणी / तह | स्वीकृत संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | उप-सचिव (प्रा. वन) | १ | कार्यालय प्रमुख |
| २ | वन अधिकृत | अधिकृत | ४ | शाखा प्रमुख/सब-डिभिजन |
| ३ | रेञ्जर | प्रा. वन | ३ | प्राविधिक कर्मचारी |
| ४ | प्रशासन | अधिकृत (छैटौं) | १ | प्रशासनिक शाखा |
| ५ | लेखापाल | विविध (ना.सु. सरह) | १ | आर्थिक शाखा |
| ६ | स.पा. प्रशासन | प्रशासन (ना.सु. सरह) | १ | प्रशासन सहायक |
| ७ | फरेस्टर | प्रा. वन | १ | प्राविधिक कर्मचारी |
| ८ | वन रक्षक | प्रा. वन | ४ | वन सुरक्षा |
| ९ | कार्यालय सहयोगी (का. स.) | श्रेणी विहिन | २ | सहयोगी कर्मचारी |
| १० | चौकीदार | श्रेणी विहिन | १ | कार्यालय सुरक्षा |

| सि.नं. | पद | श्रेणी / तह | स्वीकृत संख्या | कैफियत |
|---|---|---|---|---|
| ११ | हलुका सवारी चालक (ह. स. चालक) | श्रेणी विहिन | १ | सवारी चालक |
| १२ | अन्य प्रशासनिक कर्मचारी | प्रशासन | १ | प्रशासनिक कार्य |
| | जम्मा संख्या | | २१ | |

ख) शाखाहरूको विस्तृत कार्य विवरण (ओ.एण्ड.एम. पृष्ठ १९ बाट जस्ताको तस्तै)

१. योजना व्यवस्थापन र वातावरण संरक्षण शाखा

- वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।
- प्रगति प्रतिवेदन तयार गर्ने।
- कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।
- सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र निजी वनको कार्ययोजना तयार गर्ने, नवीकरण गर्ने र सोको कार्यान्वयनमा प्राविधिक सहयोग पुऱ्याउने।
- वन क्षेत्रको अतिक्रमण नियन्त्रण र चोरी—निकासी रोकथाम गर्ने।
- वन डढेलो रोकथामका लागि जनचेतना अभिवृद्धि गर्ने, अग्निरेखा निर्माण गर्ने र अग्नि नियन्त्रणका उपकरणहरूको व्यवस्थापन गर्ने।
- वन्यजन्तु संरक्षण, वासस्थान व्यवस्थापन र मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरणका कार्यहरू गर्ने।
- जैविक विविधताको संरक्षण र सोको अभिलेख व्यवस्थित गर्ने।
- भू—क्षय नियन्त्रणका लागि बायो—इन्जिनियरिङ सहितका भू—संरक्षण कार्यहरू गर्ने।
- वन क्षेत्रमा पर्यापर्यटनका पूर्वाधार विकास गर्ने।

२. वन उद्यम तथा सदुपयोग शाखा

- वन संवर्द्धन प्रणाली (Silvicultural System) अनुसार रुख कटान, छपान, संकलन र घाटगद्दी व्यवस्थापन गर्ने।
- वन पैदावारको सदुपयोग, बिक्री वितरण र लिलाम प्रक्रियामार्फत राजस्व संकलन गर्ने।
- वनमा आधारित साना तथा मझौला उद्यमहरूको स्थापना र प्रवर्द्धनमा प्राविधिक तथा प्रशासनिक सहयोग पुऱ्याउने।
- वन पैदावारको संकलन र ओसारपसार सम्बन्धी इजाजत र नियमनको कार्य गर्ने।

३. आर्थिक शाखा

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, भक्तपुर
नेपाल

- कार्यालयको वार्षिक खर्चको लेखा र स्रेस्ता दुरुस्त राख्ने।
- आर्थिक प्रतिवेदनहरू तयार गर्ने।
- विनियोजित बजेटको नियमसंगत खर्च गर्ने।
- राजस्व तथा धरौटी खाताको व्यवस्थापन गर्ने।
- खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट सम्बन्धी कार्य गर्ने।
- मासिक, त्रैमासिक र वार्षिक आर्थिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने।

४. प्रशासनिक शाखा

- कार्यालयको आन्तरिक प्रशासन र कर्मचारी प्रशासन (दरबन्दी, सरुवा, विदा, हाजिरी र कार्यसम्पादन) सम्बन्धी कार्य गर्ने।
- कार्यालयका सवारी साधन, भवन, फर्निचर र मेसिनरी औजारहरूको मर्मत सम्भार तथा सुरक्षा गर्ने।
- जिन्सी सामानको खरिद, भण्डारण र जिन्सी स्रेस्ता (खर्च हुने र नहुने) अद्यावधिक गर्ने।
- कार्यालयको पत्रव्यवहार (दर्ता—चलानी), फाइल व्यवस्थापन र आधिकारिक सूचना प्रवाह गर्ने।

जिम्मेवार अधिकारीहरूको विवरण

- कार्यालय प्रमुखः श्रद्धा सिग्देल (अधिकृतस्तर नवौं)
- सूचना अधिकारीः रनिता बराल (वन अधिकृत, अधिकृतस्तर आठौं)
    - सम्पर्क नं: ९७६५८३३३११

वार्षिक कार्यक्रम

क) आर्थिक प्रगति (प्रदेश र संघीय अनुदान)

| संघीय सशर्त अनुदानका कार्यक्रमहरूको प्रगति | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि नं | कार्यक्रमको नाम | बजेट उपशिर्षक | विनियोजित वार्षिक बजेट (रु हजारसा) | चालु आ.व. को जम्मा खर्च | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत | मुख्य-मुख्य उपलब्धिहरू |
| 1 | राष्ट्रिय वन विकास तथा व्यवस्थापन | 32991122 | ९४०.०० | ८६९.८३ | ९२.५३ | ९८.०० | यस अन्तर्गत सामुदायिक वन कार्ययोजना नवीकरण, वन डढेलो व्यवस्थापन, र वन्यजन्तु द्वन्द्व न्यूनीकरण जस्ता कार्यक्रमहरू सञ्चालित थिए |

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
डिभिजन वन निर्देशनालय
डिभिजन वन कार्यालय, भक्तपुर
नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 2 | वातावरण विभाग | 32991126 | २,५००.०० | २,३३६.४० | ९३.४६ | १००.०० | 'हरियाली पार्क निर्माण' (सैनिक क्याम्प अगाडी, मध्यपुर ठिमी २, भक्तपुर) र पोखरी संरक्षणको कार्य भएको छ। |
| 3 | जडिबुटी विकास | 32991124 | ६००.०० | ५१९.२३ | ८६.५४ | ८६.५४ | कृषि वन प्रणाली प्रवर्द्धन, पकेट क्षेत्रमा जडिबुटी संरक्षण, र प्राकृतिक जडिबुटी खेती विस्तारका कार्यहरू भएका छन्। |
| | जम्मा | | ४,०४०.०० | ३,७२५.४५ | ९२.२१ | | |

ख) यस आर्थिक वर्षको असार मसान्तसम्मको खर्च विवरण यस प्रकार छ:

**प्रदेशतर्फको अनुदानका कार्यक्रमहरूको प्रगति**

| सि नं | कार्यक्रमको नाम | बजेट उपशिर्षक | विनियोजित वार्षिक बजेट (रु हजारमा) | चालु आ.व. को जम्मा खर्च | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत | मुख्य-मुख्य उपलब्धिहरु |
|---|---|---|---|---|---|---|---|
| 1 | राष्ट्रिय वन विकास तथा व्यवस्थापन | 32900102 | ६,०५५.५५ | ५,६००.९७ | 92.49 | 93 | |
| 2 | वातावरण संरक्षण तथा शहरी वन | 32900103 | २२,२७५.९२ | १८,१२५.२२ | 81.37 | 81.37 | |
| 4 | डिभिजन वन कार्यालयहरु | 32901012 | ८,२७६.०० | ७,८७७.५७ | 95.19 | 90.00 | |
| | | | ३६,६०७.४७ | ३१,६०३.७६ | 86.33 | | |

- ख) मुख्य भौतिक उपलब्धिहरू (KPIS र माइलस्टोन)

**प्रगति विवरणको सन्दर्भ**

डिभिजन वन कार्यालय, भक्तपुरले आर्थिक वर्ष २०८२/८३ मा वन संरक्षण, वृक्षारोपण, सेवाप्रवाह र सुशासनका क्षेत्रमा निरन्तर सक्रियता जनाएको छ। वर्षभरि गरिएका विभिन्न प्रयासहरूले जिल्लाको वन क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ।

**मुख्य उपलब्धिहरू र सकारात्मक पक्षहरू**

यस वर्ष कार्यालयले हासिल गरेका मुख्य उपलब्धिहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ:

- **नागरिक सेवा र गुनासो व्यवस्थापनः** कार्यालयले सेवाग्राहीको गुनासो सुनुवाइलाई उच्च प्राथमिकतामा राख्दै **१००% गुनासो फछ्र्यौट** गरी नागरिकसँगको सम्बन्ध र सुशासनको क्षेत्रमा अब्बल नतिजा हासिल गरेको छ।
- **बिरुवा वितरण तथा हरियाली अभियानः** जिल्लाको हरियाली बढाउने लक्ष्यका साथ बिरुवा वितरण कार्यलाई तीव्रता दिइएको छ, जसबाट स्थानीय स्तरमा वृक्षारोपण अभियानलाई थप टेवा पुगेको छ।
- **वन व्यवस्थापन तथा सुरक्षाः** सब-डिभिजन वन कार्यालयहरू मार्फत वन क्षेत्रको नियमित अनुगमन, गस्ती र सुरक्षात्मक कार्यहरू प्रभावकारी रूपमा अघि बढाइएको छ।
- **पुँजीगत कार्यहरूको सुरुवातः** वार्षिक विकास योजना अन्तर्गतका निर्माण कार्यहरू र पोखरी संरक्षण, उद्यान निर्माण जस्ता पुँजीगत योजनाहरूको प्रक्रिया अगाडि बढाइएको छ। ती कार्यहरूले आउँदो वर्ष थप गति लिने निश्चित छ।
- **सुशासन तर्फको प्रतिबद्धताः** राजस्व संकलन प्रक्रियालाई थप व्यवस्थित बनाउन र काठ-दाउराको उत्पादन एवं बिक्री वितरणमा देखिएका कानुनी तथा प्राविधिक जटिलताहरूलाई सहजीकरण गरी अगाडि बढ्ने प्रक्रियामा मन्त्रालयले काम गरिरहेको छ।

**चुनौतीहरू र भावी कार्यदिशा**

- **क्षेत्रगत चुनौतीः** तीव्र सहरीकरण र वन क्षेत्रमा पर्ने दबाबका बाबजुद पनि वन सम्पदाको संरक्षण गर्नु कार्यालयको मुख्य कार्य हो। यसका लागि आवश्यक पर्ने साधनस्रोत र जनशक्तिको व्यवस्थापनका लागि पहल गरिँदै छ।
- **नतिजा उन्मुख कार्यदिशाः** हाल भइरहेका कार्यहरूको गतिलाई अझ तीव्रता दिन 'नतिजा करार' र 'कार्यसम्पादन सूचक' हरूको नियमित अनुगमन गर्ने प्रणाली विकास गरिएको छ।
- **निष्कर्षः** यस आर्थिक वर्षमा हासिल भएका उपलब्धिहरूले आगामी वर्षका लागि बलियो जग बसालेका छन्। कार्यालय आफ्नो जिम्मेवारीप्रति दृढ रहँदै स्थानीय समुदायको सहभागितामा वन व्यवस्थापनको नयाँ उचाइ हासिल गर्न प्रतिबद्ध छ।

## ५. बेरुजु र गुनासो व्यवस्थापन

- बेरुजु फछ्र्यौटः वार्षिक ६०% लक्ष्य रहेकोमा हालसम्मको प्रगति ०.२% रहेको।
- गुनासो फछ्र्यौटः गुनासो फछ्र्यौट १००% भएको ।

६ . सेवा प्राप्त गर्ने प्रक्रिया र जिम्मेवार अधिकारी

यस कार्यालयबाट प्रदान गरिने सेवाहरू प्रचलित वन ऐन, नियमावली र प्रदेश कानुनको अधीनमा रही देहाय बमोजिमको प्रक्रियाबाट प्रदान गरिन्छः

| सि. नं. | सेवाको प्रकार | आवश्यक पर्ने प्रक्रिया | जिम्मेवार अधिकारी | लाग्ने समय |
|---|---|---|---|---|
| १ | वन पैदावार ओसारपसार (काठ/दाउरा) | निवेदन -> सव-डिभिजनको स्थलगत प्रतिवेदन -> छपान/कटान जाँच -> इजाजत अनुमति | डिभिजनल वन अधिकृत / वन अधिकृत | नियमानुसार |
| २ | वन्यजन्तु क्षति राहत वितरण | निवेदन -> प्रहरी र प्राविधिकको मुचुल्का -> जिल्ला स्तरको सिफारिस समिति -> भुक्तानी | वन अधिकृत / सूचना अधिकारी | प्रक्रिया पुरा भए लगत्तै |
| ३ | वन उद्यम/उद्योग दर्ता | निवेदन -> उद्योगको स्थलगत निरीक्षण/जाँच -> मापदण्ड पुरा भएमा दर्ता प्रमाणपत्र | डिभिजनल वन अधिकृत | नियमानुसार |
| ४ | प्राविधिक परामर्श/सिफारिस | लिखित वा मौखिक माग -> सव-डिभिजन वा शाखाको राय | सम्बन्धित शाखा प्रमुख / रेञ्जर | सोही दिन वा भोलिपल्ट |
| ५ | वन्यजन्तु उद्धार | टेलिफोन वा प्रत्यक्ष जानकारी -> तत्काल टोली परिचालन | वन अधिकृत / रेञ्जर | तत्काल (२४ घण्टा) |

८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

निर्णय गर्ने तहः कार्यालयको कार्य प्रकृति र प्रचलित कानुनी व्यवस्था अनुसार डिभिजनल वन अधिकृतबाट निर्णय गरिन्छ। डिभिजनल वन अधिकृत को अधिकारक्षेत्रभित्र पर्ने विषयहरूको निर्णय उहाँबाटै हुनेछ भने कानुनतः डिभिजनल वन अधिकृत को अधिकारक्षेत्रभित्र नपर्ने विषयहरूमा प्रचलित कानुनबमोजिम सम्बन्धित अदालतबाट निर्णय हुनेछ।

निर्णयको आधारः प्रचलित वन ऐन २०७६, वन नियमावली २०७९ र बागमती प्रदेश वन ऐन २०८० राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लाई मुख्य आधार मानिन्छ।

- उजुरी सुन्ने अधिकारीः कार्यालयको निर्णय वा कार्यप्रति चित्त नबुझेमा सेवाग्राहीले देहायका अधिकारी समक्ष उजुरी गर्न सक्नेछन्:
  - अधिकारीः डिभिजनल वन अधिकृत
  - निकायः डिभिजन वन कार्यालय भक्तपुर ।

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, भक्तपुर

९. सेवाको दस्तुर तथा शुल्क

- राजस्वः वन पैदावारको लिलाम, इजाजत शुल्क वा वन उद्यम दर्तामा लाग्ने दस्तुर बागमती प्रदेश सरकारले तोकेको आर्थिक ऐन र राजस्व दरबन्दी अनुसार लाग्नेछ। (पुस मसान्तसम्मको संकलित कुल राजस्व रु. २,०,०००/- रहेको छ)।
- निःशुल्क सेवाः प्राविधिक परामर्श, वन्यजन्तु उद्धार र सार्वजनिक सूचना/जानकारी निःशुल्क उपलब्ध गराइन्छ।